# प्रदेश सभा

# गण्डकी प्रदेश

## दशौँ अधिवेशन

## (तेह्रौँ बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मितिः २०७९।०२।३० गते

प्रदेश सभा, गण्डकी प्रदेशको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा दिनको ११ बजेर १८ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरू, आजको वैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, अब मिति २०७९ साल जेठ २४ गते माननीय प्रदेश प्रमुखज्यूबाट सभा समक्ष प्रस्तुत गर्नुभएको प्रदेश सरकारको आ.व. ०७९/८० को नीति तथा कार्यक्रममाथिको बाँकी छलफल प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, अब माननीय मुख्यमन्त्री श्री कृष्णचन्द्र पोखरेललाई गण्डकी प्रदेश सभा, प्रदेश सभा नियमावली २०७४ को नियम १३८ को उपनियम (२) बमोजिम प्रदेश सरकारको आ.व. ०७९/८० को नीति तथा कार्यक्रममाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

**माननीय मुख्यमन्त्री कृष्णचन्द्र पोखरेल**

माननीय सभामुख महोदय, माननीय प्रदेश प्रमुख पृथ्वीमान गुरुङज्यूले मिति २०७९ जेठ २४ गते यस सम्मानित सभामा आगामी आर्थिक वर्षका लागि प्रदेश सरकारको

नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएकोमा म माननीय सभामुख महोदय मार्फत माननीय प्रदेश प्रमुखज्यूमा हार्दिक आभार व्यक्त  गर्दछु ।

नीति तथा कार्यक्रमका छलफलका क्रममा उठेका विषयमा प्रमुख प्रतिपक्षी दलका नेतासहित ४१ जना माननीयज्यूहरुले भाग लिनुभएको थियो। सरकारको नीति तथा कार्यक्रममाथि प्रमुख प्रतिपक्षका  नेतासहित माननीयज्यूहरुले दिनुभएका गहन र ओजपूर्ण सल्लाह सुझावका लागि धन्यवाद व्यक्त गर्दछु। प्रदेशको विकास र समृद्धिका लागि नै माननीयज्यूहरुले सुझाव दिनुभएको हो भन्ने मेरो ठम्याई छ।

प्रदेशका सोच तथा दृष्टिकोणहरु मुलतः नेपालको संविधान १५ औं आवधिक योजना दीगो विकास लक्ष्य र प्रदेशवासीको विकास चाहना तथा राजनीतिक दलहरुको विकास प्रतिवद्धता र प्रदेश सभाको मार्गदर्शन बमोजिम तय भएको म स्मरण गराउन चाहन्छु। साथै कोभिड महामारीले थला पारेको आर्थिक र सामाजिक जीवनलाई सहज बनाउने तर्फ यस नीति तथा कार्यक्रमले जोड दिएको कुरा प्रस्तुत गर्न चाहन्छु। यसै पृष्ठभूमिलाई आधार मानेर हामीले आर्थिक वर्ष २०७९/८० का नीति तथा कार्यक्रमहरु ल्याएका हौं ।

सभामुख महोदय, म यो नीति तथा कार्यक्रमको जवाफमा प्रवेश गर्नुभन्दा अगाडि यो हालसाथै तारा एयर ऋयास भयो जो चालक दलसहितका जो व्यक्तिहरुको निधन भयो र हालसाथै मुग्लिनमा पनि एउटा पहिरोबाट २ जनाको ज्यान गएको छ उहाँहरुप्रति हार्दिक श्रद्धाञ्जली गर्दै मृतकका परिवारहरु प्रति हार्दिक समवेदना व्यक्त गर्दछु ।

माननीय सभामुख महोदय, दशकौं लामो वलिदानीपूर्ण संघर्षबाट प्राप्त संघीयताको मूल आधार प्रदेश सरकार  हो। यसले आफ्नो स्थापनाको छोटो समयमा नै संघीयताको सवलीकरण लोकतन्त्रको सुदृढीकरण र जनताको विकासको आवश्यकताको संवोधन र संविधान प्रदत्त जिम्मेवारी निर्वाह गर्ने सवालमा उल्लेख्य उपलव्धि हासिल गरेको छ । नेपाल सरकार र स्थानीय तहेको  बिचमा रहेर प्रदेश सरकारले समन्वयकारी भूमिका निर्वाह गर्ने र जनतालाई सेवा प्रवाह गर्ने सवालमा प्रदेश सरकाले महत्वपूर्ण फड्को मारेको विषय तपाईं हामीबाट छिपेको

छैन। विश्वव्यापी रुपमा फैलिएको कोभिड—१९ महामारीका कारण जनस्वस्थ्यका सबै साथै सामाजिक, जनजीवन, आर्थिक कृयाकलाप पुरै संकुचित भएको थियो। उत्पादन वितरण तथा उपभोग प्रणालीमा असन्तुलनलाई सही अवस्थामा ल्याउनका लागि प्रदेश सरकारले क्षमता अनुसार प्रयास गरेकै छ। नागरिक जनजीवनले पुनः गति समात्नुका साथै आर्थिक क्रियाकलाप क्रमशः लयमा फर्किदै गरेको छ । सेवा उद्योगले विस्तारै पुनरजीवन पाउँदैछ। सरकारले निरन्तरको मेहेनत र उत्कृष्ट व्यवस्थापनबाट कोभिड—१९ महामारीबाट नागरिकलाई सुरक्षित राखेको र आर्थिक तथा सामाजिक सूचकलाई सामन्य अवस्थामा फर्काएको छ। नेपालको संविधानले निर्दिष्ट गरेको प्रदेशको एकल र साझा अधिकारको उपयोग गर्दै प्रदेशवासी प्रतिको जिम्मेवारी पूरा गर्नका लागि प्रदेश सरकार आफ्नो स्रोत, साधन र क्षमताले भ्याएसम्म क्रियाशील रहँदै आएको छ। जनताको विकास प्रतिको चाहना पूरा गर्नका लागि  गण्डकी  प्रदेश सरकार प्रतिवद्ध छ।

माननीय सभामुख महोदय, सहकारिता, सहअस्तित्व र समन्वयको भावनालाई आत्मसात् गर्दै ३ तहका सरकार बिचको अन्तरसम्बन्धलाई हामीले प्राथमिकतामा राखेर यो नीति तथा कार्यक्रम तयार गरेका हौं। यहाँ माननीयज्यूहरुले नेपाल सरकार र स्थानीय तहका अधिकार क्षेत्रमा रहेका विषयबस्तुलाई नीति तथा कार्यक्रमका समेटिएको विषयवस्तु उठाउनु भएको छ । हो, हामी एकल साझा अधिकारका सूचीमा सचेत छौं त्यसका लागि आवश्यकता हो सहकार्य र समन्वयको साझा उद्देश्य प्राप्तिका लागि नेपाल सरकार र स्थानीय तहको बिचको समन्वयकारी भूमिकाको लागि सहजीकरण गर्ने जिम्मेवारी प्रदेश  सरकारको भएकोले नीति तथा कार्यक्रममा पनि यी विषयहरु समेटिएका हुन् ।

सरकारको एकल प्रयासमा मात्र समृद्धी सम्भव छैन। त्यसैले हामीले आवश्यकता बमोजिम नीजि तथा सार्वजनिक क्षेत्रसँग सहकार्य गर्ने पिषयलाई नीति तथा कार्यक्रममा समावेश गरेका छौं। साथै सहकारीलाई पनि आर्थिक समृद्धीको साझेदारको रुपमा लिएका छौं । अस्पताल संचालन साथमा डायलोसिस लगायतका विशिष्टीकृत सेवाका लागि पनि विभिन्न सामाजिक तथा कल्याणकारी संघसंस्थासँग

सहकार्य गर्ने हो भन्ने लक्ष्य प्राप्ति त्यति पर छैन। स्वास्थ्यका क्षेत्रमा हामीले बालबालिका किशोरी एवं जेष्ठ नागरिकका लागि कार्यक्रममा प्राथमिकतामा राखेका छौं । बालबालिका तथा किशोर किशोरीको पोषण स्थितिमा सुधार ल्याउन वहु क्षेत्रीय पोषण कार्यक्रमलाई प्रदेश सरकारका सबै कार्यक्रममा मूल प्रवाहीकरण गरिने सन्दर्भ र गर्भवति सुत्केरी महिलाको स्वास्थ्य तथा पोषणलाई प्रवर्धन गर्न स्थानीय तहसँग समन्वय गरी विशेष प्याकेजको  व्यवस्था गरिने विषय दीगो विकाससँग जोडिएको  विषय हो।

सेनिटरी प्याडको विषयलाई माननीय सदस्यज्यूहरुले निकै जोड दिनुभयो। हो, संघ सरकारले पनि यो कार्यक्रम संचालन गर्दै आएको छ। यो संवेदनशील विषयमा प्रदेश सरकारले पनि प्राथमिकतामा राखेर सहकार्य गर्दा लक्षित वर्गमा लाभान्वित पुग्छ भन्ने हाम्रो ठम्याई हो। साथै सेनेटरी प्याडको उचित विसर्जनमा हाम्रो जोड रहनेछ। कोभिड—१९ को महामारीले बालबालिकाको आनिबानी परिवर्तन भएको छ। अझै पनि विभिन्न खालका महामारीको प्रकोपको जोखिमलाई मध्यनजर गरी प्रदेश भित्रका बालबालिकाको सवांगिण विकासलाई प्रवद्र्धन गर्ने दायित्व प्रदेश सरकारको भएकोले सामुदायिक  विद्यालय  मार्फत सुरु गर्ने गरी एक विद्यालय एक नर्स कार्यक्रमलाई क्रमशः लागु गर्ने नीति लिएको हो।

यस कार्यक्रममा विद्यार्थीको स्वास्थ्य परीक्षण, स्वास्थ्य सचेतना तथा स्वास्थ्य सम्बन्धी आनीबानीमा सुधार हुने अपेक्षा गरिएको छ। साथै जन स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने विश्वास लिएको छु। जनअन्दोलन, जनयुद्ध, मधेस अन्दोलन र थरुहट आन्दोलनका सहिद तथा वेपत्ता परिवार एवं घाइते अपांगता भएका व्यक्तिको स्वास्थ्य उपचार प्रदेश स्तरीय अस्पतालमा निःशुल्क हुने प्रतिवद्धता सरकारले जनाएको छ ।

प्रदेशवासीको स्वास्थ्य अवस्थामा सुधार ल्याउन नेपाल सरकार स्थानीय तहसँगको सहकार्यमा निःशुल्क आधारभूत स्वास्थ्य सेवा, आकस्मिक स्वास्थ्य सेवाको पहुँच वृद्धि गर्ने प्रतिवद्धता गरेका छौं । स्पाइनल, इन्जुरी तथा वौद्धिक अपांगता भएका व्यक्तिको सहज जीवनयापन र पुनरुत्थापनको लागि ह्वील चियर, कृत्रिम हातखुट्टा

लगायतका आवश्यक सहायक सामान उपलव्ध गराउनुका अतिरिक्त सहज उपचारको दागि प्रवन्ध गर्ने प्रतिवद्धतालाई पक्कै पनि प्रमुख प्रतिपक्ष दलका माननीयज्यूहरुले पनि सकारात्मक रुपमा लिनुभएको छ भन्ने विश्वास लिएको छु। स्तन क्यान्सर, पाठ्यघरको मुखको क्यान्सर लगायत प्रजनन् अंगको निःशुल्क उपचारलाई निरन्तरता दिने जिल्ला अस्पतालहरुबाट प्रत्येक महिना पाठ्यघरको मुखको क्यान्सरको स्क्रिन जाँच निःशुल्क दिइने  महिला तथा १६ वर्ष मुनिका बालबालिकामा हुने सबै प्रकारका क्यान्सरको निःशुल्क उपचार आरम्भ गर्ने विषयले पक्कै पनि सकारात्मक प्रभाव पार्ने नै छ।

माननीय सभामुख महोदय, शिक्षा, संस्कृति, विज्ञान तथा प्रविधिका क्षेत्रमा समेत प्रदेश सरकारले प्रभावकारी र जनमुखी कार्यक्रम अगाडि सारेको छ। गण्डकी विश्वविद्यालयको भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिने, नेपाल सरकारको सहयोग एवं सहकार्यमा चिकित्सा विज्ञान र सूचना प्रविधि सम्बन्धी विषयको अध्ययन अध्यापन कार्यलाई अगाडि बढाउने।

प्रदेशमा ५०० शैयाको शिक्षण अस्पताल स्थापनाको लागि विस्तृत आयोजना प्रतिवेदन तयार गरी निर्माण प्रारम्भ गरिने प्रतिवद्धता हामीले अगाडि गरिसकेका छौं। गण्डकी विश्वविद्यालय हाम्रो प्रदेशको मात्र हैन  राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमै गौरव गर्न लायक बनाउन हामी प्रतिवद्ध छौं। प्रदेशको समृद्धिका लागि स्थापना गरिने संस्थाहरुमा हामी  प्रतिपक्षमा रहँदा पनि समर्थन र सहयोग रहेको म स्मरण गराउन चाहन्छु।

यही विश्वविद्यालयले शैक्षिक कार्यक्रमका अतिरिक्त आविष्कार केन्द्र संचालन देखि अनुसन्धानलाई प्राथमिकतामा राखेको छ। यसका लागि प्रदेश सरकारले सक्दो सहयोग गर्दै आएको छ। कोदोको रक्सीको  ब्राण्डीङको विषय हामीले हचुवाका भरमा समावेश गरेको होइन। नेपाली  समाजको समुदायको धार्मिक र सांस्कृतिक आस्थासँग जोडिएको छ कोदोको रक्सी । यसलाई ब्राण्डिङ गरेर व्यापार प्रवर्द्धनमा जोड्न हामी हिच्किचाउन हामी हिचकिचाउन आवश्यक पर्छ जस्तो लाग्दैन। त्यसैले स्थानीय कोदो प्रवर्द्धन हुने स्थानीय रोजगारीमा टेवा पुर्याउने साथै नेपाली

ब्राण्ड विकास गरी निकासी समेतमा योगदान पुग्ने विश्वास लिएको छु। साथै अखाद्य  रक्सीबाट उत्पन्न हुने स्वास्थ्य समस्यालाई न्यूनिकरण गर्न सकिने र आन्तरिक राजश्वमा परिचालनमा समेत सकारात्मक योगदान पुग्ने देखिन्छ। गण्डकी  विश्वविद्यालयले यस विषयमा अध्ययन समेत गरिरहेको व्यहोरा जानकारी गराउन चाहन्छु। सामुदायिक क्याम्पसलाई प्रदेश सरकारसँग जोड्ने विषयलाई हामीले आगाडि सारेका छौं। यसले प्रदेश भित्र रहेका सामुदायिक क्याम्पसलाई केही भए पनि राहत मिल्नेछ।

बजारको माग अनुरुपको सीपयुक्त मानव संसाधन विकास गर्न नविनतम प्रविधिका विषयमा पाठ्यक्रम निर्माण तालिम सामग्री विकास, तालिमको स्तर निर्धारण, सीप प्रमाणीकरण गर्ने जस्ता विषयमा प्राविधिक  शिक्षा तथा व्यवसायिक तालिमको क्षमता विकासलाई सरकारले प्राथमिकता मै राखेको छ। प्रदेशमा अनुसन्धानको अनुकुल वातावरण तयार पारी स्वदेश तथा विदेश अनुसन्धान कार्यमा संलग्न वैज्ञानिक तथा अनुसन्धानकर्तालाई प्रदेशमा आकर्षण गर्ने विषय प्रदेशमा स्थापना भएका अनसन्धान केन्द्रहरुको क्षमता अभिवृद्धि गर्ने कार्यले प्रदेशको समृद्धीका लागि सहयोग पुग्ने विश्वास हामीलाई छ।

स्थानीय तहसँगको  सहकार्यमा दूर्गम  तथा हिमाली क्षेत्रमा संचालित नमुना आवासीय विद्यालय व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिने, गुरुकुल गुम्वा मदरसा आश्रम तथा विभिन्न धार्मिक आस्थासँग जोडिएका विद्यालय र वैकल्पिक विद्यालयको पूर्वाधार विकासमा सहजीकरण गर्दै यस्ता संस्थाबाट दिइने शिक्षालाई औपचारिक शिक्षा प्रणालीमा मूल प्रवाहीकरण गर्ने नीतिलाई विपक्षी दलका माननीयहरुले पनि पक्कै पनि सकारात्मक रुपमा लिनुभएको छ भन्ने विश्वास लिएको छु। प्रदेश प्रमुख शैक्षिक सुधार कार्यक्रमलाई निरन्तरता दिइने छ।

प्राविधिक शिक्षालयलाई संचालित प्राविधिक कक्षाहरुलाई रोजगारी र स्वरोजगारीका अवसर सृजना गर्न प्रोत्साहित गर्ने एवं प्राविधिक शिक्षालयमा सिक्दै कमाउँदै कार्यक्रम संचालन गर्न सहयोग पुर्याउने कार्यले शिक्षाको गुणस्तरलाई सुधार गर्ने विश्वास प्रदेश सरकारको छ। अपांगता भएका बालबालिकाको शिक्षामा पहुँच र

गुणस्तर अभिवृद्धिका लागि विशेष व्यवस्था, वौद्धिक अपांगता भएका बालबालिकाको शिक्षा सम्बन्धी अधिकार सुनिश्चितताका लागि प्रदेश स्तरीय सुविधा सम्पन्न आवासीय विद्यालय निर्माण गर्दा उनीहरुको नैसर्गिक अधिकार सुरक्षित गर्ने तर्फ प्रदेश सरकार संवेदनशील छ ।

माननीय सभामुख महोदय, प्रदेशको कला, भाषा, धर्म, परम्पराको संरक्षण, संवर्द्धन एवं अनुसन्धानलाई हामीले नीति तथा कार्यक्रममा समावेश गरेका छौं। श्रीकृष्ण गण्डकी पूर्व सम्भाव्यता अध्ययन कार्यदलले पेश गरेको प्रतिवेदनमा सिफरिस गरिएका परियोजनाहरुलाई प्रदेशको स्रोत साधनको उपलव्धताको आधारमा क्रमशः कार्यन्वयनमा लैजाने प्रतिवद्धता यस सम्मानित सभामा जनाउन चाहन्छु । यस प्रतिवेदनले ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा आर्थिक महत्व बोकेको मुक्तिधाम देखी त्रिवेणी धामसम्मका धरोहर तथा सम्पदाहरुको संरक्षण र प्रवर्द्धन गर्दै विश्वमा चिनाउने नीति लिएको व्यहोरा म जानकारी गराउन चाहान्छु ।

कालीगण्डकी डाइभर्सनका बारेमा के सत्ता पक्ष के प्रतिपक्ष सबै हामी एकमना नै छौं। कालीगण्डकी डायभर्सन गर्न नदिने बारेमा हाम्रो अडान कायमै छ। त्रिवेणी, गजेन्द्र दिव्यधाम क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रको विकास गर्न गुरुयोजना तयार गरी दिव्यधान क्षेत्रको विकास कार्यक्रममा संचालनमा ल्याइने। वाग्लुङको पञ्चकोट लगायतका धार्मिक पर्यटकीय स्थलमा संरक्षण तथा प्रवर्द्धन गर्ने विषयलाई समेट्दा कतिपय महत्वपूर्ण स्थानको नाम छुटेको होला तथापि यस प्रदेशका धार्मिक, ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक महत्व बोकेका सबै सम्पदाहरुलाई संरक्षण र संवद्र्धन गर्ने विषयमा प्रदेश सरकार प्रतिवद्ध छ।

महिला सशक्तिकरण मार्फत हरेक क्षेत्रमा महिलाहरुको स—सम्मानजनक अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैंगिक मूल प्रवाहीकरण तथा सारभूत रुपमा नै लैगिंक रुपमा नै समान कायम गर्न सरकार प्रतिवद्ध छ। स्थानीय तहसँग सहकार्य गरी बाल अधिकारको सुनिश्चितताका लागि बालमैत्री स्थानीय शासनको प्रवर्द्धन लागि पनि प्रदेश सरकारले काम गर्दै आएको छ। संरक्षणमा राख्नु पर्ने अपांगता भएका व्यक्तिहरुको लागि अपांगता ग्रामको पूर्वाधार निर्माणको कार्य अगाडि बढाउनुका

साथै गम्भिर वौद्धिक अपांगता भएका व्यक्तिको लागि हेरचाहका लागि सहयोगी राख्न क्रमशः आर्थिक सहयोग उपलव्ध गराउने कार्यक्रमलाई हामीले समेटेका छौं त्यसो त माननीयज्यूहरुले यी विषयहरुलाई सरकारले सस्तो लोकप्रियताका लागि ल्याएको हो कि भन्ने चिन्ता व्यक्त गर्नुभयो। गम्भिर अपांगता भएकाहरुको स्याहार सुसारमा तिनीहरुको अवस्था र उक्त परिवारले भोग्नु परेको कठिनाई अत्यन्त पीडादायी छ। परिवारको उक्त पीडामा हामीले यसमा थोरै भए पनि संवोधन गर्ने प्रयास मात्र गरेका छौं भनि बुझिदिन आग्रह गर्दछु। स्थानीय तहसँगको सहकार्यमा प्रदेशका प्रत्येक वडामा कम्तिमा एउटा जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना, जेष्ठ नागरिक आश्रमको संस्थागत सुदृढीकरणमा जोड व्यवस्थापन तथा पूर्वाधार विकासलाई निरन्तरता दिने विषयले प्रदेश सरकारको जेष्ठ नागरिक प्रतिको दायित्वलाई प्रष्ट्याएको छ।

माननीय सभामुख महोदय, सहयोगापेक्षी सडक आश्रित मानव मुक्त प्रदेश कार्यक्रलाई निरन्तरता दिने प्रतिवद्धता दिने प्रतिवद्धाता हामीले गरेका छौं। नेपाल सरकारले पनि यो कार्यक्रम समावेश गरेको छ। छुवाछूत भेदभाव, वोक्सीको आरोप गम्भिर अमानविय अपराध अन्त्यका लागि जनचेतना जगाउनुका साथै त्यस्ता गतिविधि प्रति सून्य सहनशीलताको नीति लिई कानुन कारवाहीलाई थप प्रभावकारी बनाउन सरकार प्रतिवद्ध छ। दलित विधेयकको मन्त्रीपरिषद्बाट सैद्धान्तिक स्वीकृति लिई मस्यौदा तर्जुमा भइरहेको छ। दलित समुदायको मूल प्रवाहीकरण तथा गरीविको अन्त्यका लागि दलित वस्तीमा भौतिक र सामाजिक सुधार कार्यक्रम मार्फत आदर्श वस्तीको विकास गर्ने सोचले यसलाई नीतिमा समावेश गरिएको हो।

माझी, मुसहर, चेपाङ, बोटे, कुसुण्ड लगायतका सिमान्तकृत तथा लोपोन्मुख समुदायको सचेतना अभिवृद्धि आय आर्जन रोजगारीका अवसर सृजना गर्न विभिन्न कार्यक्रम संचालनलाई हामीले प्राथमिकतामा राखेका छौं। साथै राष्टिय रुपमा जनसंख्याको दृष्टिकोणले चौथो स्थानमा रहेको थारु समुदाय हाम्रो प्रदेशमा १.७ प्रतिशत मात्र रहेको स्मरण गराउँदै नवलपुरको उक्त थारु कल्चरलाई विशेष स्वायत्त या संरक्षित क्षेत्र घोषणा गर्न केन्द्रीय सरकारसँग माग गरेको स्मरण

गराउँदै उक्त स्थानलाई उक्त कल्चरलाई प्रदेश सरकारले पनि विशेष रुपमा हेर्ने कुरा अवगत गराउँदछु। स्थानीय तहसँगको सहकार्यमा प्रदेशका विभिन्न क्षेत्रमा कार्यरत अदक्ष, अर्धदक्ष र दक्ष, तथा संगठित, असंगठित श्रमिक र मजदुरहरुको आर्थिक, सामाजिक अवस्था सहितको अभिलेख तयार गरी रोजगारीको नयाँ क्षेत्रहरु पहिचान गर्ने कार्यक्रमले श्रम क्षेत्रमा एक नमूना काम हुने विश्वास लिएको छु।

श्रमिक तथा रोजगारदाता बिच सुमधुर सम्बन्ध स्थापना गर्न र दुवै पक्ष हक हित सुरक्षित गर्न प्रदेश श्रम ऐन बनाई कार्यान्वयन गर्न सरकार प्रतिवद्ध छ। श्रम शक्तिको माग र आपूर्ति सहज बनाउन सूचना आदान प्रदानको भरपर्दो उपाय कार्यान्वयनमा ल्याउने, रोजगारी क्षेत्र सम्भावना पहिल्याउने क्षेत्रको मेलाको आयोजना गर्ने विषयलाई हामीले समेटेक छौं। रोजगारी मेलाका बेलामा माननीय सदस्यज्युहरुले टिप्पणी गर्नु भएको छ। हामीले केवल मेलाका लागि मेला होइन कि रोजगारका क्षेत्र र यसका सम्भावना खोजी गर्नमा यसले दीर्घकालीन महत्व राख्ने तथ्य जानकारी दिलाउन चाहन्छु।

माननीय सभामुख महोदय, युवा रोजगार प्रवर्द्धन अन्तरसम्बन्धित विषयमा लिई सरकारका सबै मन्त्रालय तथा निकायका क्रियाकलाप युवामैत्री बनाउन सरकार प्रतिवद्ध छ। खेल्छ गण्डकी नारालाई साकार पार्न खेलकुदमा युवाको बढ्दो चासोलाई सम्वोधन गर्न प्रदेश नीति बनाई कार्यान्वयन गर्ने विषयलाई सरकारले प्राथमिकतामा राखेको छ। खेलाडीलाई प्रोत्साहन गर्ने एक स्थानीय तह एक खेल मैदान कार्यक्रमलाई निरन्तरता दिने उच्च उचाईको खेल तालिम केन्द्र स्थापनामा सरकारको प्राथमिकता रहेको छ। पोखरा रंगशालाको पूर्वाधार सुधार गरी रातको समयमा समेत अन्तराष्ट्रिय स्तरका खेलहरु संचालन गर्न सकिने बनाउने कास्कीको भेंडाबारीमा इन्फाटेक्निकल सेन्टर निर्माण कार्यलाई नेपाल सरकारको सहकार्यमा अगाडि बढाउन हामी क्रियाशील छौं।

माननीय सभामुख महोदय, कृषि क्षेत्रको आधुनिकीकरण, यान्त्रीकिरण व्यवसायीकरणबाट गर्ने उद्देश्यबाट हामी कत्ति पनि विचलित भएका छैनौं। आधारभूत खाद्यान्नमा आत्मनिर्भर भन्ने गण्डकी प्रदेशको सोचलाई क्रमशः

कार्यान्वयन गर्दै जानका लागि त्यसै अनुसार नीति तथा कार्यक्रम हामीले ल्याएका छौं। सरकारी स्रोत केन्द्रहरुको सुदृढीकरण गरी मुख्य मुख्य फलफूल बालीको बेर्ना उत्पादन, मुख्य तरकारी र खाद्यान्न बालीको स्रोत बीउ उत्पादन कार्यालाई जोड दिएका छौं। नीजी स्तरमा कृषि, पशुपंक्षी तथा मत्स्य स्रोतकेन्द्र स्थापना कार्यलाई जोड दिई प्रदेशभित्र नै बीउ, वेर्ना, माछाभुरा, पशुपंक्षीका विभिन्न नश्लहरुको उपलव्धताको सुनिश्चितता हामीले गर्नेछौं।

बजारको अनिश्चियका कारणले खेती गर्नका लागि कृषकहरु उत्साहित नहुने अवस्थाको अन्त्य गर्नका लागि प्रदेशका मुख्य बालीको उत्पादनलाई न्यूनतम मूल्यमा खरीद व्यवस्थापनका लागि कृषकलाई अनुदान दिने कार्यलाई हामीले प्राथमिकतामा राखेका छौं। साथै कृषि तथा पशुप्रविधिलाई सहज रुपमा उपलव्ध हुने व्यवस्था मिलाई उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न खेतखेत र गोठगोठमा प्राविधिक भन्ने अवधारणा ल्याएका छौं।

कृषिको  विविधीकरण गरी पकेट क्षेत्रका नयाँ सम्भावना पहिल्याउँदै उत्पादनलाई बजारसँग जोड्न एक निर्वाचन क्षेत्र एक कृषि क्षेत्र सडक अवधारणा ल्याइएको हो। यसले साविकमा कार्यान्वयन हुँदै आइरहेको एक निर्वाचन क्षेत्र एक सडक निर्माण कार्यलाई अवरोध नहुने व्यहोरा समेत म जानकारी गराउन चाहन्छु। जलवायुजन्य जोखिम संकटपन्नताको विश्लेषणका आधारमा नमुना कृषि गाउँहरुको पुनरावलोकन गरी उपयुक्त जलवायु मैत्री प्रविधिहरुको उपयोग गर्दै मुख्यमन्त्री जलवायू मैत्री नमुना कृषि गाउँ कार्यक्रमलाई थप प्रभावकारी बनाई निरन्तरता दिएका छौं। विगतका सरकारले ल्याएको कार्यक्रमहरुलाई हामीले निरन्तरता दिएको विषय यो बुँद्धाले पनि प्रष्ट पारेको छ। खेतीयोग्य जमिनमा सिँढ्ढाई सुविधा उपलव्ध गराउन साना तथा मझौला सिँचाई पूर्वाधारहरुको निर्माण तथा पुराना आयोजनाहरुको मर्मत सम्भार र स्तरोन्नतिलाई सरकारले निरन्तरता दिएको छ।

सभामुख महोदय, गण्डकी प्रदेशलाई नेपालको प्रमुख पर्यटकीय गन्तव्य र पोखरालाई पर्यटकीय राजधानी घोषणाका लागि नेपाल सरकारलाई अनुरोध गरिसकेका छौं। पोखरा र अन्य पर्यटकीय स्थलमा आवश्यक पर्यटकी पूर्वाधार

सेवाको गुणात्मक बृद्धि गर्दै वाह्य पर्यटकहरुको संख्या बसाई अवधि तथा खर्च दोब्वर बनाउन सकिने गरी पर्यटकीय पूर्वाधार प्रचार प्रसार तथा सेवा प्रभावको क्षमतामा सुधार गर्न प्रदेश सरकारले विशेष योजना ल्याएको छ। प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यमा पूर्वाधार विकास र प्रवर्द्धन पर्यटकी पदमार्गहरुको पहिचान, पुनःस्थापना र विकास पर्यटकीय होटल, रिसोर्ट, रेस्टुरेण्ट आदिको परिमाणात्मक तथा गुणात्मक वृद्धि गरी विविधीकरणको माध्यमबाट पर्यटनलाई प्रदेशको अर्थतन्त्रको दीगो आधार बनाउने विषयले पक्कै पनि सकारात्मक प्रभाव पार्नेछ भन्ने विश्वास मैले लिएको छु।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको काम अन्तिम चरणमा पुगेको छ। यसको संचालनका लागि आवश्यक समन्वय र सहजीकरण यो सँग सम्बन्धित पूर्वाधार विकासका लागि प्रदेश सरकार प्रतिवद्ध छ। यसबाट अधिकतम लाभ लिनका लागि प्रदेशले तयारी समेत आरम्भ गरेको छ। विश्वमा बढ्दै गएको सुविधा सम्पन्न र जीवनशैलीमा आएको परिवर्तनबाट लाभ लिनका लागि प्रदेशको सुन्दरता हावापानीको विशेषता नीति सरकारले लिएको छ। यसैका लागि हामीले हनिमुन पर्यटनलाई गर्ने नीति तथा कार्यक्रम समावेश गरेका हौं। यस विषयलाई माननीयज्यूहरले विशेष जोड दिएर टिप्पणी दिनुभएको छ।

यस प्रदेशमा पर्यटकीय दृष्टिकोणबाट विशिष्ट पहिचान बोकेको त छँदैछ यसको थप आकर्षणको सन्देश दिने उद्देश्यले विवाह पछि एकपटक पोखरा र यसको वरिपरिका सुन्दर स्थानमा घुम्नैपर्छ, पुग्नैपर्छ भन्ने सोचलाई विकास गर्न हनिमुन टूरीजमलाई प्राथमिकता दिने नीति अनुरुप पोखरा वरपर समेत पर्यटकीय पूर्वाधार थप गर्दै लैजाने नीति रहेको व्यहोरा जानकारी गराउन चाहन्छु। कास्की र तनहुँको पुर्णिटार, नवलपुरको लोकाखोलामा प्रस्तावित प्रादेशिक औद्यागिक क्षेत्र र एक उद्योगग्राम स्थापना व्यवस्थापन संचालन कार्यक्रमलाई निरन्तरता दिई प्राथमिकताका साथ अगाडि बढाइएको छ।

प्रदेश सरकारको लगानी साझेदारीमा गोरखकाली टायर उद्योग कारखाना संचालन भृकुटी कागज कारखाना रहेको स्थलमा न्यून प्रदूषणयुक्त उत्पादनमूलक र

सेवामूलक उद्योग संचालनमा ल्याउन नीजि क्षेत्रलाई प्रोत्साहन गर्ने नीति सरकारले लिएको छ। प्रदेशमा लगानीमैत्री वातावरण तयार पार्न प्रदेशमा रहेका अवरोधहरु पहिचान गरी हटाउँदै लगिने नीति हामीले लिएका छौं। प्रदेशका अन्तर्राष्ट्रिय नाकाहरु कोरोला, रुइला, त्रिवेणी, लार्के लगायतका नाकाहरु संचालनमा ल्याउन गुरुयोजना तयार गरी न्यूनतम पूर्वाधार विकास गर्नका लागि नेपाल सरकारसँग समन्वय जरुरी छ। यसका लागि हामी प्रयत्नरत रहने छौं।

प्रदेशमा संचालनमा रहेका व्यवसाय जीवनरक्षा कर्जा कार्यक्रलाई केही परिमार्जन गरी विगतमा प्रवाह भएका ऋणको दायित्व भएका अतिरिक्त नव उद्यमी व्यवसाय सुरु गर्नका लागि  मापदण्ड बमोजिम सहुलियतपूर्ण कर्जा प्रवाह गर्न उपयोग भएको छ। नीति क्षेत्रको सहभागितामा प्रदेशमा लगानी अनुकूल वातावरण तयार गरी लगानी भित्र्याउनका लागि लगानी सम्मेलन गर्ने कार्यलाई पनि हामीले नीति तथा कार्यक्रममा समावेश छौं ।

माननीय सभामुख महोदय,  वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धिको लागि वनको दीगो व्यवस्थापन गरी काठ लगायतका वन पैदावारहरुको आयात प्रतिषथापनमा जोड दिने एवं नीजि क्षेत्रसँग सहकार्य वन्यजन्य उद्यम स्थापना संचालनलाई वढावा दिने नीतिलाई प्राथमिकता दिएका छौं। प्रदेश भित्रका सीमसार एवं रामसार क्षेत्रहरुमा नेपाल सरकार रस्थानी तहहरुसँग समन्वय गर्दै संरक्षण व्यवस्थापन सौन्दरीकरण कार्य गरी पर्यटन प्रवर्द्धन गर्ने विषयहरुलाई प्राथमिकतामा राखिएको छ। मानव वस्ती र कृषि भूमिमा बाँदरको अतिक्रमण न्यूनीकरण गर्न बाँदर आहार वन्यजन्य फलफूल विरुवा उत्पादन एवं रोपण कार्‍यलाई वृहत रुपमा संचालन गर्ने र बाँदर पार्क निर्माणमा नीजि क्षेत्रलाई सहयोग गर्ने नीति लिएका छौं ।

सुन्दा बाँदरको समस्या सामान्य छ। तर अहिले प्रदेश र नेपालका अधिकांश ठाउहरुमा किसानहरुको मुख्य समस्या नै बाँदर रहेको छ। तनहुँको देवघाटमा बाँदर पार्कको अवधारणा सुरु नै भइसकेको छ। बाँदरलाई प्राकृतिक पार्कमै रमाउने अवस्थाका लागि यो अवधारणा ल्याइएको हो। फेवाताल सरसफाई तथा

सौन्दरीकरण कार्यलाई निरन्तरता दिँदै सरोकारवालाको सहकार्यमा फेवातालको सिमांकन सुरुवात गर्ने । फेवाताल र वेगनास ताल लगायतका तालहरुको सौन्दर्ययीकरण लागि फोहोरमैला व्यवस्थापन सम्बन्धी गुरुयोजना तयार गरी पोखरा महानगरपालिकासँगको सहकार्यमा कार्यान्वयन गर्ने  नीति हामीले अंगिकार गरेका छौं। तनहुँ र नवलपुरका कतिपय भूभागलाई चुरे क्षेत्रमा समावेश गरिएको भए तापनि उक्त भूभाग यथार्थमा महाभारत क्षेत्रमा पर्ने भएकाले सो भूभागलाई चुरे संरक्षित क्षेत्रबाट हटाउन आवश्यक पहल गरिने छ र नीति तथा कार्यक्रमा त्यो चुरे भन्ने शब्द परेकोमा के स्पष्ट गर्न चाहन्छु भने, जसरी संविधान संसोधन नहुँदासम्म नवलपरासी सुस्तापूर्व भनेर लेखिन्छ, त्यस्तै यो राष्ट्रपति चुरे कार्यक्रम अन्तरगत त्यसलाई चुरे भनेर माथि रिकगनाईज गरिसकेको हुनाले हामीले आधिकारीक डकुमेन्टमा त्यो शब्द  प्रयोग भएको हो। तर त्यो महाभारत हुनुपर्छ भन्ने हाम्रो अडान यथावत नै छ ।

माननीय  सभामुख महोदय, नेपाल सरकारको सहकार्यमा राष्ट्रिय र प्रादेशिक लोक मार्गबाट स्थानीय तहको केन्द्रसँग जोड्न बांकी रहेका गोरखा जिल्लाको चुमनुम्री गाउंपालिका, मनाङ जिल्लाको मार्फाभूमि गाउँपालिकाको केन्द्रसम्म सडकको पहुँच पुर्याउने नीतिलाई हामीले निरन्तरता दिएका छौं। राष्टिय र प्रादेशिक लोकमार्गबाट सबै स्थानीय तहको केन्द्र जोड्ने सडकलाई स्तरोन्नति गरी कालोपत्रे गर्ने कार्यान्वयन निरन्तरता नै पाएका छन् ।

प्रदेशको प्राथमिकतामा रहेका उत्तर—दक्षिण द्रुतमार्ग अन्तरगतको भिमाद, डेढगाउँ, झ्यालवास, चोरमारा, दुम्किवास, त्रिवेणी खण्ड आयोजनालाई आगामी २ वर्षमा सम्पन्न गर्ने र शालीग्राम करिडोर र बुद्धसिंह निर्माण कार्यलाई तीव्रतता दिने नीति सरकारले लिएको छ। प्रदेशमा निर्माणाधिनमा रहेका ठूला आयोजनाहरु समयम मै सम्पन्न गर्ने वातावरण सृजना गर्न प्रदेश सरकार निरन्तर क्रियाशील छ।

नेपाल सरकारसँगको सहकार्यमा प्रदेश सभा भवन निर्माण, प्रदेश प्रशासनिक केन्द्र र प्रदेश कर्मचारी आवास निर्माणको लागि जग्गा प्राप्ति गरी विस्तृत आयोजना प्रतिवेदन तयार पार्ने नीति सरकाले लिएको छ।

सालवसाली र वहुवर्षिय योजनाहरुलाई विशेष प्राथमिकताका साथ अगाडि बढाउने नीति अवलम्वन गर्दै सार्वजनिक भौतिक संरचनाको निर्माण गर्दा अपांग मैत्री संरचना निर्माण गर्ने नीतिलाई लागु गर्न सरकार प्रतिवद्ध छ। प्रदेशको यातायात व्यवस्थापन र संचालन र नियमनको लागि प्रदेश यातायात प्राधिकरणको स्थापनाको प्रतिक्रिया प्रारम्भ गर्ने। यातायात व्यवस्था कार्यालयहरु सूचना प्रविधि मैत्री बनाई सेवा प्रभाव थप प्रभावकारी बनाउने नीति प्रदेश सरकारले  लिएको छ।

यातायात व्यवस्था कार्यालयबाट प्रदान गरी ल्याएको चुस्त दुरुस्त बनाउन सवारी साधनहरुको कर, दस्तुर अनलाईन प्रणालीबाट भुक्तानी गर्न सक्ने व्यवस्था मिलाउन सवारी चालक अनुमति पत्र प्राप्त गर्ने प्रकृया र वितरण कार्यलाई चुस्त बनाई छिटो छरितो रुपमा उपलव्ध गराउने काम सुरु भइसकेको छ।

सार्वजनिक, नीजि साझेदारी अवधारणामा विद्युतीय सवारी साधन संचालनमा प्राथमिकता दिँदै प्रदेशको प्रमुख सडकको उपयुक्त स्थानहरुमा भेहिकल चार्जिङ स्टेशन हामीले स्थापना गर्नेछौं। मुग्लिन, पोखराको लेकसाईड, टुरिष्ट पार्क सहित ४ ठाउँमा नेपाल विद्युत प्राधिकरणले चार्जिङ स्टेशन राख्दै गरेको पनि जानकारी गराउन चाहन्छु। कोरोला त्रिवेणी सडक अन्तरगत दुम्कीवास त्रिवेणी खण्डको सतही मार्ग निर्माणलाई सरकारले प्राथमिकतामा राखेको छ।

पश्चिमाञ्चल ईन्जिनियरिंग क्याम्पससँग सहकार्य गरी प्रदेशभित्र सुरुङ मार्ग निर्माण सम्भाव्यता अध्ययन गरिनुका साथै कोरोला त्रिवेणी सडक अन्तर्गत दुम्कीवास त्रिवेणी खण्डको चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रमा सुरुङमार्ग निर्माणको सम्भावना पहिचान गरिने छ।

सभामुख महोदय, म सभामुख महोदय मार्फत के क्लियर गर्न चाहन्छु भने दुम्कीवास त्रिवेणी सडकको  सतही सडक निर्माण गर्ने योजना त छदैछ, त्यसलाई युनेस्कोबाट बाहिर ल्याउनु पर्ने जुन प्रकृया छ, त्यो प्रकृया अब करिव करिव आधाआधीमा पुगिसकेको अवस्थामा छ। त्यो भयो भने त्यो सहजता त भइहाल्छ। यति हुँदा हुँदै पनि त्यो क्षेत्रको भौगोलिक एउटा वनावट एउटा जुन छ, त्यसले भोलि गएर हामीले त्यो बाटोबाट निर्माण नहुन नसक्ने अवस्थामा पनि वैकल्पिक

मार्गको पनि हामीले सोच राख्नु जरुरी छ। उदाहरणको लागि अहिले पूर्व—पश्चिम हाइवेमा केन्द्रीय सरकारले दुम्किबासबाट वर्दघाटसम्मको लागि सुरङ मार्ग बनाउने भनेका छ, त्यो किन भन्यो भने त्यो सतही मार्ग त्यो भूमार्गको हिसावले जहिले पनि अस्थायी रहने भयो। यदि त्यो परिस्थिति आयो भने त्यतिखेरका लागि भनेर पनि यो कुरा गरिएको हो। प्रदेशहरुको बिचको सहकार्यबाट समृद्ध हासिल गर्न थप सहज हुने तथ्यलाई आत्मसात् गरी वाग्मती र लुम्विनीसँग कार्यान्वयन गर्ने गरी केही परियोजनाहरु प्रस्ताव गरिएको छ। लुम्विनी प्रदेशसँग लागत साझेदारीमा लुम्विनी र मुक्तिनाथ जोड्ने सडकको संयुक्त प्राविधिक टोलीले सम्भाव्यता अध्ययन गर्ने व्यवस्था मिलाइएको छ ।

माननीय सभामुख महोदय, प्रदेशका सबै घरपरिवारलाई आधारभूत स्तरको खानेपानी सेवा पर्याउन संचालित एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिँदै, जीर्ण खानेपानी आयोजनाहरुको मर्मत सम्भार गरी शत प्रतिशत प्राप्तिका लागि सरकार कृयाशील छ। खानेपानी आयोजना कार्यान्वयन गर्दा संघ प्रदेश र स्थानीय तह सँगको सहकार्य समन्वय र सहयोगमा दीगो संचालनको व्यवस्था गरिने छ। खानेपानी आयोजना निर्माण प्रारम्भ गर्दा **नै** लागतको निश्चित प्रतिशत रकम मरम्मत सम्भार कोषमा राख्ने नीतिलाई हामीले अगाडि सारेका छौँ। आ.व. आ.व. ०७९/८० भित्र उज्यालो गण्डकी प्रदेश कार्यक्रम सम्पन्न गर्ने, क्षतिग्रस्त लघु जलविद्युत आयोजनाहरुको मर्मत सम्भार, समुदायले लगानी गरेका जलविद्युत आयोजनाहरुलाई राष्ट्रिय ग्रिडमा जोड्ने प्रतिवद्धता सम्मानित सदनमा जानकारी गराउँदछु।

नेपाल विद्युत प्राविधिकरणको समन्वयमा राष्ट्रिय प्रशारण लाईनको गुणस्तरियतामा वृद्धि गर्ने लक्ष्य हामीले निर्धारण गरेका छौँ। लिफ्ट खानेपानी र सिँचाई आयोजनामा हाल ७५ प्रतिशत विद्युत महशुल अनुदान दिने भनिएता पनि यसको लक्ष्यचाहिँ शत प्रतिशत दिने रहेको कुरा म यहाँ स्पष्ट गर्न चाहन्छु । यसको प्रभावकारिता हेरी शत प्रतिशत बनाइने छ ।

माननीय सभामुख महोदय, स्थानीय तहको न्यायीक समिति, विधायन समिति र कानुन तर्जुमामा संलग्न कर्मचारीको क्षमता अभिवृद्धि गर्दै कानुन निर्माणमा सहजीकरणलाई निरन्तरता दिँदै असमर्थ पक्षलाई निःशुल्क कानुनी सहायता उपलव्ध गराउने कार्यमा नेपाल सरकार र स्थानीय तहको समन्वयमा सहकार्य गर्ने नीति हामीले अवलोधन गरेका छौं।

सञ्चार ग्राम स्थापनाको लागि आवश्यक पूर्वाधार विकासका साथमा सूचनाको हकको प्रत्याभूति गर्न आम सञ्चार माध्यमहरुलाई परिचालन गरी लोक कल्याणकारी विज्ञापन मार्फत व्यवस्थापन थप गर्न व्यवसायिक गर्ने प्रोत्साहन गर्ने नीति सरकारले अगिंकार गरेको छ। प्रदेशमा कार्यरत श्रमजीवि पत्रकारहरुको स्वास्थ्य बिमा कार्यक्रम आरम्भ गर्नुका साथै सञ्चार क्षेत्रको सवलीकरण र पत्रकारसँग सम्बन्धित संस्थाहरुको क्षमता विकासलाई समेत हामीले विशेष ध्यान दिएका छौं।

सेवा प्रवाहमा सुधार र संस्थागत क्षमता अभिवृद्धिका लागि प्रदेश र स्थानीय तहका जनप्रतिनिधि, कर्मचारीहरुको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिँदै आएको छौं। प्रदेश र स्थानीय स्तरका कर्मचारीको सेवा, सर्त, सुविधाको सुनिश्चितता गरी वृत्ति विकास गर्न प्रदेश निजामति सेवा र स्थानीय सरकारी सेवासँगको साझेदारीलाई प्राथमिकतामा राखेका छौं । भ्रष्टाचारीलाई विरुद्ध न्यूनीकरण गर्न भ्रष्टाचारी सून्य सहनशिलताको नीति बमोजिम सुशासन प्रवर्द्नन लागि विशेष कार्य योजना बनाई कार्यान्वयन गर्न सरकार जुटिसकेको छ।

प्रदेश सरकारले गरेका काम कार्यवाही नागरिक समक्ष पुर्याउन र उनीहरुको गुनासो सुनेर संवोधन गर्नका लागि सुरु गरिएको जनतासंग मुख्यमन्त्रीको कार्यक्रमलाई आगामी वर्षमा निरन्तरता दिनेछौं। प्रदेशको शान्ति एवं सुव्यवस्था प्रभावकारी बनाउन गण्डकी प्रदेशको सुरक्षा नीति तर्जुमा गर्दै नेपाल सरकारसँगको समन्वयमा प्रदेशभित्रको सुरक्षा व्यवस्था थप मजबुत बनाउन आवश्यक पूर्वाधार निर्माण कार्य अगाडि बढाउन हामीले तय गरिसकेका छौं।

गण्डकी प्रदेश विपद्को उच्च जोखिममा रहेको छ। जलवायू प्रभावको नकारात्मक असर जस्तै बाढी पहिरो, हिमपहिरो, हिमपात, वेमौसमी वर्षा, हिमताल विष्फोटन जस्ता समस्या यस प्रदेशमा देखिसकेका छन् यसको उचित व्यवस्थापनका लागि प्रदेश विपद् प्राधिकरण स्थापनाको अवधारणा ल्याइएको छ। यसका अतिरिक्त प्रदेशको विपद् व्यवस्थापन कोष स्थापनाको अवधारणा ल्याइएको छ। यसको अतिरिक्त प्रदेश विपद् व्यवस्थापन कोषमा रकम वृद्धि गरी खोप, उद्धार र राहतलाई थप प्रभावकारी बनाउन सरकार प्रतिवद्ध छ।

संघीय संरचना अनुसार समाजवाद उन्मुख अर्थतन्त्रको निर्माणको व्यवस्था गरी समानुपाति, समाजवादी तथा सन्तुलित विकास सहितको समृद्ध प्रदेशको लक्ष्य हासिल गर्नका लागि हामीले यो नीति तथा कार्यक्रम ल्याएका हौं। प्रदेशको विकासका लागि नीजि क्षेत्र तथा सहकारी क्षेत्रसँगको साझेदारीलाई सहज बनाउन विद्यमान नीतिगत कानुनी व्यवस्थामा सुधारका साथै प्रदेशको आय र नागरिकको जीवनस्तरमा सुधार ल्याउन प्रदेश भित्र औद्योगिक लगानी प्रवद्र्धन गर्न प्रदेश गौरवका आयोजनाहरु तथा राजनैतिक महत्वका आयोजनाहरुमा वैदेशिक लगानी परिचालन गर्न आवश्यक कानुनी व्यवस्था सहित लगानी अनुकूल वातावरण तयार पार्ने गरी यो नीति तथा कार्यक्रम आएको छ।

स्थानीय तहमा संचालन भइरहेको नव प्रवर्द्धन साझेदारी कोष कार्यक्रमलाई प्रदेश सरकारको नियमित कार्यक्रमबाट आन्तरीकीकरण गरिने छ। वित्तीय सुशासन कायम गर्न फजुल खर्च नियन्त्रण तथा साधारण खर्चमा मितव्यीता अवलम्वन गरी विकास बजेटमा वृद्धि गर्न हामी प्रतिवद्ध छौ। राजश्व चुवाहट नियन्त्रण गर्दै प्रदेशको अर्थ व्यवस्थामा सम्पत्ति सृजना गर्न र पूँजी निर्माण हुने गरी राजश्व प्रणाली र विस्तारलाई प्रभावकारी बनाउने नीति सरकारले लिएको छ।

माननीय सभामुख महोदय, प्रदेशको आर्थिक वृद्धि दर ६.१७ प्रतिशत पुग्ने प्रक्षेपण हुनु हाम्रा लागि सुखमय हो। विश्वव्यापी महामारीलाई चिर्दै हाम्रो सामाजिक, आर्थिक अवस्थामा सामान्य हुँदै गएकाले विश्वव्यापी घटनाले फेरी मूल्यवृद्धि उच्च हुँदा आम नागरिकको जीवन कष्टपूर्ण जोखिम देखिएकोले त्यसको

नियन्त्रणका लागि प्रदेश सरकार थप क्रियाशील हुनै प्रतिवद्धता गर्दछु। प्रदेशको आन्तरिक श्रोत बृद्धि गरी विकास निर्माणका लागि स्रोतको जोहो गर्ने नागरिकलाई थप भार नपर्ने गरी राजश्वको दायरा बढाउन सरकारले आवश्यक तयारी गरेको छ।

माननीय सभामुख महोदय, गण्डकी प्रदेशको उच्च राजनैतिक संस्कार अन्यत्रका लागि पनि उदाहरणीय छ । प्रदेशको विकासका सवालमा हामी सबै एकसाथ भएको सन्देश निरन्तर प्रवाह गर्न गण्डकी प्रदेश सफल भएको छ। उपलव्ध स्रोत साधनको प्रभावकारी परिचालन गरी समृद्ध हालि गर्न हामी सबै एक हुन सकौं भन्ने अपिल गर्न चाहन्छु। साथसाथै, यहाँ माननीयज्यूहरुले जुन यो म्याग्दीको गुठी सम्बन्धी जग्गाको जुन समस्या यहाँ राख्नुभएको छ।

म्याग्दी, तनहुँ, कास्की लगायत हामी धेरै जिल्लाहरुमा यस प्रकारको समस्या भएहेको हुनाले यसलाई केन्द्रीय सरकारको समन्वयमा यो समस्याको समाधान गर्ने तर्फ पनि हामी सक्षम छौं भन्दै यिनै कुराहरु राख्दै आ.व. ०७९/८० को लागि प्रस्तुत भएको नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सबै पक्षबाट सहयोग, समन्वय, सद्भाव प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु । धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो छलफल यहीं समाप्त हुन्छ । माननीय सदस्यहरु, अब म माननीय मुख्यमन्त्री श्रीकृष्ण चन्द्र नेपाली पोखरेललाई मिति २०७९ जेठ २४ गते सभा समक्ष प्रस्तुत प्रदेश सरकारको आर्थिक वर्ष ०७९/८० को नीति तथा कार्यक्रमलाई प्रदेश सभा नियमावली ३८ को उपनियम ३ बमोजिम पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले नेपालको संविधानको धारा १८४ को उपधारा २ तथा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४, को नियम ३५ को उपनियम १ बमोजिम माननीय प्रदेश प्रमुख श्री पृथ्वीमान

गुरुङज्यूले मिति २०७९ जेठ २४ गते मंगलबारका दिन सभामा प्रस्तुत गर्नु भएको प्रदेश सरकारकाको आर्थक वर्ष ०७९/८० को वार्षिक नीत तथा कार्यक्रम प्रदेश सभा नियमावली २०७४, को नियम ३८ को उपनियम ३ बमोजिम पारित गरियोस् भनि सम्मानित सभा समक्ष प्रस्तावित गर्दछु ।

माननीय सदस्यहरु, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् । यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् । हुन्छ भन्ने पक्षका माननीय सदस्यहरुको वहुमत भएकोले मिति ०७९ जेठ २४ गते सभा समक्ष प्रस्तुत प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को नीत तथा कार्यक्रम वहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब यो वैठक २०७९ साल जेठ ३१ गते विहान ११ बजेसम्मको लागि स्थागित हुन्छ ।